# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**विर्घा, स्याङ्जा**
**गण्डकी प्रदेश, नेपाल**

**कालीगण्डकी गाउँपालिका हल निर्माण कार्यका लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रकाशन मिति: **२०७६/१०/१६**

यस **गाउँपालिकाको हल निर्माण कार्यका** लागि सिलबन्दी दरभाउपत्रद्वारा निर्माण गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट ईजाजत (मान्यता) **प्राप्त निर्माण व्यवसायीबाट** निम्न शर्तहरुका अधिनमा रही रीतपूर्वक सिलबन्दी दरभाउपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

## तपसिल

१. दरभाउपत्र फारम यो सूचना प्रथमपटक प्रकाशित भएका मितिले १५ दिनभित्र चालु आ.व.का लागि नवीकरण भएका ईजाजतपत्र आयकर दर्ता र मु.अ.कर दर्ता र गत आ.व.को कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदनसाथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक दरभाउपत्रदाताले यस कार्यालयबाट प्रकाशित भएको मितीले १५ औं दिन मिती २०७६।११।०१ सम्म कार्यलय समय भित्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएका दरभाउपत्र प्रथमपटक प्रकाशित भएको मितिले १६ औं दिने मिती २०७६।११।०२ को १२:०० बजेभित्र सिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाताहरु र निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगतै कार्यालय खुलेका दिन सोही समय अनुसार हुनेछ ।

४. दरभाउपत्र खरिद गर्दा **रकम रु. १०००।- नगद वा प्राइम कमर्सियल बैंक लिमिटेड, कालीगण्डकी शाखा, मिर्मी** स्थित यस गाउँपालिका कार्यालयको राजश्व खाता नं **ग-४ ०६७०००२३CA** मा जम्मा गरेको सक्कल भौचर पेश गनुपर्नेछ ।
दरभाउपत्रसाथ जमानत बापतको बोलकबोल अंककले हुन आउने **रकम रु. ५०,०००।- नगद वा प्राइम कमर्सियल बैंक लिमिटेड, कालीगण्डकी शाखा, मिर्मी** स्थित यस गाउँपालिका कार्यालयको धरौटी खाता नं **ग-३ ०६७०००२६CA** मा जम्मा गरेको सक्कल भौचर पेश गनुपर्नेछ ।

५. म्याद नाघी आएका, रीत नपुगेको र सर्त राखिएका दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

६. दरभाउपत्रदाताबाट दरभाउपत्रमा उल्लेखित मूल्य अभिवृद्धि करबाहेक रकम उल्लेख गर्नुपर्नेछ । सो दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएमा केरमेट भएका ठाउँमा सहीछाप भएको हुनुपर्नेछ ।

७. यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिकरुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

८. दरभाउपत्र स्वीकृत भएपछि कबुल ठेक्का अंकको ५ प्रतिशत हुन आउने रकम बराबरका नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तीमा १ वर्ष म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कार्य जमानतपत्र (परफरसेन्स बण्ड) सम्झौता गर्नु अघि पेश गर्नुपर्नेछ ।

९. दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ

१०. यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित ऐन कानुनबमोजिम हुनेछ ।

११ दरभाउपत्र सम्बन्धी कुनै विवाद आएमा प्रचलित कानुन बमोजिम आपसी सहमतीमा समाधान गरिनेछ । आपसी सहमति हुन नसकेमा गाँउ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

१२. सिलबन्दी दरभाउपत्रका कामका विवरण निम्नानुसारको हुनुपर्नेछ ।

| क्र.स. | बोलपत्र दरभाउपत्र नं | कामको विवरण | लागत अनुमान | सिलबन्दी बोलपत्र फारम दस्तुर | दरभाउपत्र मान्य हुने अवधि | जमानत मान्य | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | जमानत रकम | जमानत कायम रहने दिन |
| 1 | KLGD-W-NCB-KGHALL-03-076-77 | Construction of Kaligandaki Gaupalika Hall | NRs. 19,98,865.69 | NRs 1,000.00 | 45 days from the last date of bid submission | NRs. 50,000.0 | 75 days from the last date of bid submission |

प्रमुख प्रशासकिय अधिकृत